केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/६/०७६/७७

मिति: २०७६/०५/२४

**सूचना**

**ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले सूचना प्रविधि प्रणालीमा अन्तरनिहित आन्तरिक एवम् बाह्य सुरक्षाको जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि देहाय बमोजिम गर्नु गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो वेबसाईट, Mobile App, आधिकारिक सामाजिक सञ्जाल तथा सूचना प्रविधि प्रणालीमा पनि Cyber Attack, Malware Virus, Ransomware जस्ता जोखिम, बाह्य जोखिम, Spam, Phishing, Spoofing आदि माध्यमबाट वा प्रणालीमा अनाधिकृत पहुँच गरी सूचना चुहावट र चोरी (Data Loss and Theft) तथा आर्थिक चोरीको जोखिम, आधिकारिक सेवाको पहुँच रोक्ने (Denial of Service) लगायतका जोखिमबाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्न आवश्यक Perimeter Defense, Access Control, Encryption, Antivirus, Firewall आदि जस्ता प्राविधिक क्षमता सुदृढ गर्ने व्यवस्था गर्ने र अद्यावधिक गर्ने, सूचना आदान प्रदान गर्दा, भुक्तानी आदेश गर्दा एवं सेवा प्रवाह गर्दा अवलम्बन गरेका प्रणालीको सत्यता जाँच गरेर मात्र गर्ने व्यवस्था मिलाउने ।

२. कतिपय असम्बन्धित व्यक्ति र स्थानबाट नक्कली पत्राचार एवं भुक्तानीको आदेश समेतबाट प्रयुक्त प्रणालीको दुरुपयोग गर्ने प्रयासहरु भएको सन्दर्भमा प्रणालीहरुको आवश्यकता अनुगमन (Regular Monitoring & Reporting) को व्यवस्था गर्ने र भएका Incident & Attack को सूचना सम्बन्धित निकायमा दिने व्यवस्था गर्ने ।

३. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुमा सञ्चालनमा रहेका प्रणालीहरुको Preventive, Detective and Responsive IT Security Strategy तयार गर्ने एवं प्रयोगमा ल्याएको IT प्रणालीहरुको Security Audit गरी सोबाट देखिएका समस्यालाई तत्काल सम्बोधन गर्दै अन्तर्राष्ट्रिय असल अभ्यास (International Best Practices) अनुरुपको पूर्व-सकृयता पूर्वक (Proactive) व्यवस्थापन गर्न र कर्मचारी तथा प्रयोगकर्ताको क्षमता अभिवृद्धि (Awareness and Capacity Development) को आवधिक व्यवस्था गर्नु हुनका साथै नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत सूचना प्रविधि आकस्मिक सहायता समूह (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०७५ बमोजिम साइबर सुरक्षा सम्बन्धी घटनामा तत्काल सहायता उपलब्ध हुने व्यवस्था मिलाउने ।

भवदीय,

(किरण पण्डित)
का.मु.कार्यकारी निर्देशक